# किरात राई जातिको विवाह सम्बन्धी प्रचलित प्रथाजनित कानून

जित कुमार राई[1]
< raidorpali@gmail.com>

DOI : https://doi.org/10.3126/kp.v5i5.95204

**लेख सार**

*विवाहका सम्बन्धमा निर्माण गरिएका प्रथाजनित प्रावधानहरु नै विवाह सम्बन्धी प्रथाजनित कानून हो । समुदायअनुसार विवाह फरक-फरक प्रावधानहरु रहेका हुन्छन् । किरात राई समुदाय पनि एक प्राचीन जातीय समुदाय हो । यस समुदायका विवाह सम्बन्धमा आफ्नै किसिमका प्रावधानहरु रहेको पाइन्छ । ती प्रावधानहरु यस समुदयको प्रचलित विवाह सम्बन्धी वैवाहिक प्रथाजनित कानूनहरु हुन् । यस लेख तीनै प्रचलित वैवाहिक प्रथागत कानूनसँग सम्बन्धित रहेको छ । उनीहरूको वैवाहिक पद्धति वैवाहिक प्रथागत कानूनअनुसार निर्देशित, नियमित र प्रचलनहरूमा आधिरत रहेको पाइन्छ । प्रथागत कानूनअनुसार विवाहका लागि ववि, सामै र पाछा अनिवार्य आवश्यक हुन्छ । तीनै कुराहरूको आधारमा नै विवाहको निर्क्यौल र छिनोफानो हुने र विवाहको वैधको मापन पनि यही कुराहरूबाट हुने गरेको पाइन्छ । विवाह सम्बन्धी प्रथागत कानून कसैले उल्लङ्घन गरेमा मुख्यतया देउदण्ड र राज दण्ड गरी दुई किसिमको दण्ड सजायको व्यवस्था यस समुदायमा रहेको पाइन्छ । वंशपट्टी सात पुस्तापछि हाडफोर्ने र हाडजोड्ने व्यवस्था रहेको पाइन्छ । आमातिर दुधमावली, बुढोमावली र कुप्रोमावलीपट्टी (तर्फ) ५ पुस्तासम्म विवाह गर्न निषेध गरेको पाइन्छ । चेली साइनो (फुफु, दिदीबहिनी तर्फको साइनो तिरको साइनोमा पनि विवाह निषेध र दण्डनीय गरेको पाइन्छ । यस समुदायको वैवाहिक प्रथागत कानून मुख्यतया मुन्दुमद्वारा निर्देशित र नियन्त्रित रहेको पाइन्छ । मुन्दुमको मार्गनिर्देशित सिद्धान्तमा आधारित रहेर यस समुदायले विवाह सम्पन्न गर्ने र कसैले सिद्धान्त विपरीत विवाह कार्य गरेमा कारवाहीको भागीदार बनाइने गरेको पाइन्छ ।*

**शब्दकुञ्जी :** प्रथा, मुन्दुम, ववि, सामै, पाछा, दण्ड, वैतुङ ।

## विषयपरिचय

कुनै पनि समाजमा महिला र पुरूषलाई सामाजिक मर्यादाअनुसार पति पत्नीको रूपमा समाजले मान्यता दिनुलाई विवाह भनिन्छ । अर्को अर्थमा भन्ने हो भने विवाह गर्न योग्य महिला र पुरूषबिचको औपचारिक धार्मिक तथा सामाजिक सम्बन्ध नै विवाह हो । कुनै पनि समाजले मान्यता प्राप्त महिला र पुरूषबिचको यौन सम्बन्ध कायम राख्नका लागि गरिने संस्कार वा पुरूषमाथि स्त्रीको र स्त्रीमाथि पुरूषको वैधानिक रूपमा अधिकार पाउँनका लागि गरिने संस्कारको नाम नै विवाह हो ।

१ अधिवक्ता राई प्रथाजनित कानुनसम्बन्धी अध्ययन-अनुसन्धान गर्दै आउनुभएको छ ।

विवाहलाई किरात राईहरूले "सुबुकाम्मा" भन्दछन् । प्राचिन किरातहरूले विवाहलाई अत्यन्तै पवित्र सम्झौताको रूपमा मान्दथे र आज पनि उही रूपमा मान्दछन् (राई रूपाबुङ), वि.स. २०६४, पृ.४४५) । यस समुदायले विवाहलाई परिवार निर्माणको सम्झौताको रूपमा लिई अत्यन्त महत्वका साथ यसलाई लिएको पाइन्छ । विवाह संस्कारले पहिलादेखि नै व्यक्तिको पारिवारिक जीवनमा नयाँ घर परिवार निर्माण गर्दै एक अर्को परिवारबिच ऐक्यबद्धता सिर्जना गरी अनुमोदनसमेतको प्रतिनिधित्व गर्दै आएको पाइन्छ । पारिवारिक सम्बन्ध र विवाहिता जोडिले एकआपसमा खेल्ने भूमिकाले समाजको सामाजिक पद्धतिलाई स्थिर राख्ने कामसमेत गरेको पनि पाइन्छ ।

न्यायको चाहना, शान्ति सुरक्षाको आवश्यकता र सुख समृद्धिको आकांक्षालाई सम्बोधन गर्न सक्ने एकमात्र साधन कानून हो । क्षेत्र, समाज र जातिका आधारमा कानूनको प्रकृति अलग अलग हुन्छ (वस्ती, वि.स.२७९, पृ.३१) । राज्यले समाजको प्रकृतिअनुसार समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न कानून निर्माण गरी लागु गरेको हुन्छ । राज्यले गर्नु भनेको कुरा गर्नु र नगर्नु भनेको कुरा नगर्नु कानून हो । राज्यले नगर्नु भनेको कुरा गर्दा त्यो कानूनको उल्लङ्घन भएको मानिन्छ । सो कार्य गर्ने मानिस सजायको भागीदार बन्दछ । राज्यले गरेका त्यस्ता निर्दिष्ट कुराहरु राज्यको कानून हो । राज्यले त्यसलाई लागु गर्दछ । समाज वा समुदायले समाज वा समुदायमा यो-यो कार्यहरु गर्नु र यो-यो कार्यहरु नगर्नु भनी समाज वा समुदायले बनाएको विधि विधान नै त्यो समाज वा समुदायको कानून हो । जसलाई समाजद्वारा आफ्नो समाज वा समुदायमा लागु गर्दछ । राज्यले लागु गरेको कानूनभन्दा यस किसिमको कानून समाजका लागि महत्वपूर्ण हुन्छ । जुन कानून समाज विकास सँगसगै समाजले लागु गर्दै आइरहेको हुन्छ । यस्तै कानूनका आधारमा राज्यले राज्य सञ्चालन गर्नका लागि राज्यको कानून निर्माण गरेको हुन्छ ।

परम्परा कानून (customary law) अलिखित भए पनि जनताले व्यवहारबाट नै पालना गरेको हुन्छ । नेपाल एकिकरण भएपछि एकीकृत हुने राज्यका जनताले पनि पालना गर्दै आएका धर्मशास्त्रका नियम भएकाले सबै ठाउँमा तिनै कानून लागु गरिए (खनाल, वि.स.२०८१, पृ.१५) । समाज वा समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि समाजले बनाएको एक निश्चित मापदण्ड नै प्रथाजनित कानून हो । जसले समाज वा समुदायमा रहे, बसेका मानिसहरूलाई व्यवस्थित, अनुशासित भएर बस्न बाध्यकारी बनाएको हुन्छ । समाज वा समुदायले बनाएको मापदण्डभन्दा जो व्यक्ति बाहिर जान चाहन्छ । त्यो व्यक्ति समाज वा समुदायले बनाएको नियम, कानूनको सजायको भागीदार बन्दछ । समाजले निर्धारण गरेको कानूनअनुसार उसले आफूले गरेको गल्तीको सजाय भोग्नुपर्ने हुन्छ । समाजमा बस्ने प्रत्येक समुदायअनुसार आआफ्नो किसिमका रीतिथिति, परम्परा, संस्कार र प्रचलनहरु रहेका हुन्छन् । जुन कुराहरु उनीहरूले लामो समयदेखि अपनाउँदै र प्रयोग गर्दै आइरहेका हुन्छन् । ती कुराहरु सबै धर्ममा आधारित रहेर बनेका हुन्छन् । त्यही कुराहरूबाट नै प्रत्येक समाजमा प्रथाजनित कानूनको निर्माण भएको पाइन्छ ।

प्रथाजनित कानून कुनै पनि देशका स्थानीय समुदायको परम्परा, चलन वा मान्यताहरूमा आधारित कानून हो । यस किसिमका कानून विश्वका धेरै देशहरूमा लागु भएको पाइन्छ । यस किसिमका कानूनहरु धर्म, संस्कार, रीतिथितिमा आधारित रहेको पाइन्छ । परम्परागत कानूनी व्यवस्था, सामग्री र विशेषताहरु देश वा क्षेत्रअनुसार फरक हुने गर्दछ र स्थानीय चलनहरूमा आएको

परिवर्तनहरूसँगै समयअनुसार यस किसिमका कानून पनि विकसित हुँदै आउँन सक्दछ । कमजोर औपचारिक न्याय प्रणाली भएको देशमा प्रथाजनित कानून बढी प्रभावकारी रहेको हुन्छ । त्यस्ता देशहरूमा परम्परागत कानूनको प्रयोग र प्रचलन बढी रहेको पाइन्छ ।

कुनै पनि समाज वा समूदायले आफ्नो समाज वा समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि बनाएको एक निश्चित मापदण्ड नै प्रथाजनित कानून हो । जसलाई त्यस समाज वा समुदायले लामो समयदेखि निरन्तर रूपमा प्रयोग गर्दै आइरहेको हुन्छ । सो मापदण्डलाई समाज सञ्चालनको विधि विधान पनि भन्न सकिन्छ । किन कि सोही विधि विधानले समाज र समाजमा रहेका समुदायलाई बन्धनमा बाँधेको हुन्छ । जुन मापदण्डहरु विशेषतः त्यस समाज वा समुदायले मान्दै आएको धर्ममा आधारित रहेको हुन्छ । हिन्दू धर्म मान्ने समुदायको प्रथाजनित कानूनमा हिन्दू धर्मकै प्रभाव परेको पाइन्छ भने क्रिश्चियन धर्म मान्ने समुदायको प्रथाजनित कानूनमा क्रिश्चियन धर्मकै प्रभाव परेको पाइन्छ । त्यसैगरी मुश्लिम धर्म मान्ने समुदायको प्रथाजनित कानून मुश्लिम धर्मको प्रभाव र बुद्धिस्ट धर्म मान्ने समुदायको प्रथाजनित कानून बुद्धिस्ट धर्मको प्रभाव रहेको पाइन्छ । प्रथाजनित कानूनको मुख्य श्रोत नै धर्म भएकाले प्रथाजनित कानून आआफ्नो धर्ममा आधारित रहेर बनाएको पाइन्छ । किरात राईहरूले प्रयोग गरेका र प्रयोगमा ल्याउँदै आएको प्रथाजनित कानून किरात राईहरूले मान्ने किरात धर्ममा आधारित भई मुन्दुमद्धारा निर्देशित र नियन्त्रित रहेर बनाएको पाइन्छ । यस समुदायका मुन्दुममा श्रृष्टिको (उत्पत्ति) देखि मानव सभ्यता र यस समुदायको दैनिक क्रियाकलाप सञ्चालन गर्ने विधि विधान, जन्मदेखि मृत्युसम्मका विधि विधानहरूका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । सोही मुन्दुममा उल्लिखित विधि विधानमा आधारित रहेर यस समुदायले विवाह सम्बन्धी प्रथाजनित कानून बनाएको पाइन्छ ।

## अध्ययनको विधि

यस अध्ययन र लेखनका लागि मुख्यतया किरात राईहरूको सघन बसोबास भएको स्थानहरूमा गई किरात राईहरूकाबारे र उनीहरूको पुराना प्रथा, परम्परा, रीतिथिति, रिलुङ, हसुङका सम्बन्धमा जानकार लिने र बुझ्ने काम गरिएको छ । त्यसका लागि हसुङमी, लैपामी, छैपामी र पासुङहरूसँग भलाकुसारी गरी स्रोत सङ्कलन गर्ने कार्य गरिएको छ । यो लेख विशेष गरी यस समुदायभित्र पर्ने भाषिक समुदायमध्ये चाम्लिङ भाषी समुदायसँग बढी सम्बिन्धत रहेकाले यस अध्ययनका लागि विशेष गरी खोटाङ जिल्लाका चाम्लिङ भाषी समुदायको सघन बसोबास रहेको स्थानहरूहरूमा स्थलगत अध्ययन गरी स्रोत सङ्कलन गर्ने कार्य गरिएको छ । त्यसका साथै किरात जातिको इतिहास, मिथक, मुन्दुम, प्रथा, परम्परा, रीतिथिति, भाषा, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, नेपालमा विभिन्न समयमा जारी भएका संविधान, मानव अधिकार तथा नागरिक अधिकारसँग सरोकार राख्ने पुस्तहरु, ऐन-कानून तथा प्रथाजनित कानूनसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तक, जर्नल, लेख, अनुसन्धान पत्रहरूलाई आधार लिइएको छ । त्यसैगरी विधुतीय स्रोतका रूपमा प्रथाजनित कानूनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तक, जर्नल, लेख, अनुसन्धान-पत्रहरूको अध्ययन गरिएको छ । प्रथाजनित कानूनसँग सम्बन्धित विभिन्न व्यक्ति, संघ, संस्थाहरूका प्रकाशनहरु, विभिन्न पत्र-पत्रिकामा छापिएका लेख रचनाहरु आदिलाई लिइएको छ ।

## विवाहसम्बन्धी तीन थरी प्रथाजन्य अभ्यास

विवाह सम्बन्धी प्रथाजन्य अभ्यास समुदायपिच्छे फरक फरक किसिमको आआफ्नै अभ्यास रहेको पाइन्छ । ती अभ्यासहरु कतिपय समुदायहरुबिच मिल्दाजुल्दा पनि रहेको पाइन्छ भने कतिपय विपरीत पनि रहेको पाइन्छ । किरात राई समुदायमा विवाह सम्बन्धी आफ्नै किसिमको प्रथाजनित कानूनहरु प्रचलन र प्रयोगमा ल्याएको पाइन्छ । ती प्रचलन र प्रयोगमा ल्याएका विवाह सम्बन्धी अभ्यासहरुमा भूमि र वंश सम्बन्धी अभ्यास, रिलुङ–हसुङ सम्बन्धी अभ्यास र प्रथाजन्य व्यवस्था सम्बन्धी अभ्यास गरी तीन थरिका प्रथाजन्य अभ्यासहरु रहेको पाइन्छ । भूमि र वंश सम्बन्धी अभ्यासमा ववि, सामै र पाछासँग सम्बन्धित रहेको पाइन्छ । यी कुराहरु उत्पत्ति, उत्पत्ति स्थान र रक्त समूह छुट्याउने आधार हो । यो भूमि र वंशसँग अन्तर्सम्बन्ध रहेको हुन्छ । यो अभ्यास किरात राईहरुको विवाह सम्बन्धी पहिलो र प्रमुख प्रथाजन्य अभ्यास हो । दोस्रो प्रकारको प्रथाजन्य अभ्यासमा रिलुङ–हसुङ सम्बन्धित अभ्यास रहेको छ । यस अभ्यास अन्तर्गत सिप्तिलुङ, यायोक्खा (दाजु सल्लाह), वैतुङ, कलिया र नछुङ सम्बन्धी अभ्यास पर्दछ । यस अभ्यासले किरात राई समुदायकको विवाह सम्पन्न गर्न मुख्य भूमिका खेलेको पाइन्छ । तेस्रो अभ्यासको रुपमा प्रथाजन्य व्यवस्थाको अभ्यास रहेको छ । यस अभ्यासअन्तर्गत विवाह गर्नका लागि विधि, प्रक्रिया, पद्धति, विवाह हुने सक्ने अवस्था, विवाह हुन नसक्ने अवस्था, विवाहका परिमाण, विवाहले निरन्तरता दिन नसकेमा विवाह भङ्ग सम्वन्धी सम्बन्धविच्छेदको प्रक्रिया सम्बन्धी व्यवस्थामा समेटिएको हुन्छ । पाछा दिने प्रक्रिया, बुहारीलाई छोरी सरह मानी बुहारीको उमेर छँदै श्रीमानको मृत्यु भएमा विधवा बुहारीलाई विवाह गर्न छुट दिई विवाह गरिदिने चलनबारे उल्लेख भएको पाइन्छ । मगनी गरी कोसेली खाई छिनोफानो हुन बाँकी रहँदैमा पछि विवाह केटीले विवाह गर्न मानेन वा अन्य केटासँग विवाह गरेर गएमा माफी मागी कोसेली फिर्ता दिई पठाउने व्यवस्थाका र विवाह सम्बन्धी दण्ड सजायका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । नाताभित्र वा हाडनातामा विवाह गरे राज्यको कानूनअनुसार राजदण्ड र कुलपितृले श्राप दिई देउदण्ड लाग्छ भनी दण्ड सजायलाई दुई किसिमले विभाजन रहेको पाइन्छ । बाबुतिर/वंश (एउटै पाछा) ७ पुस्तासम्म विवाह निषेध गरेको पाइन्छ । मामलीतर्फ ५ पुस्तासम्म र चेली साइनोमा वैन्यौलोमा १४ पुस्ता बार्ने भन्ने चलन रहेको पाइन्छ । यी उल्लिखित पुस्ताभित्र भएको विवाहलाई यस जातिले विवाहको मान्यता नदिई वंशभित्रको साइनो पर्नेमा विवाह गर्नेलाई हाडफोरा र मामलीतर्फको साइनोमा विवाह गर्नेलाई दुधफोरा भनी त्यस्तो विवाह गर्नेहरुलाई गाउँ निकाला गरी डाडा कटाउने वा छुटाउने चलन रहेको पाइन्छ । त्यसैगरी विवाहका दण्ड सजायका सम्बन्धमा सिम्ख्रुम्मा/सुम्ख्रुम्मा, माखीमुन्द्रो र जारलाई काट्न पाउँने सम्बन्धी प्रथाजनित अभ्यासको व्यवस्था पनि भएको पाइन्छ ।

## भूमि र वंश

कुनै पनि कार्यको थालनी गर्नका लागि विभिन्न किसिमका सिमा, आधार, मापदण्ड, विधि, प्रक्रियाहरु आवश्यक पर्दछ । ती कुराहरु एकआपसका परिपूरक हुन्छन् । तीमध्ये कुनै एक कुराको अभावमा अर्को कुरा पूरा हुन सक्दैन । समाजका समुदायले कुनै पनि कार्य गर्नका लागि निश्चित मापदण्ड, सिमा र आधारहरु निर्माण गरेको पाइन्छ । ती कुराहरु निर्माणका लागि केही त्यस्ता कुराहरु आवश्यक पर्दछ कि जुन कुराहरुका अभावमा ती कुराहरु  निर्माण नै हुन सक्दैन । समाजले सामाजिक निति निर्माण गर्दा ती कुराहरु अनिवार्य आवश्यक परेको हुन्छ । त्यस्ता कुराहरु समाजमा

समुदाय अनुसार फरक फरक किसिमका हुन्छन् । एक समुदायमा आवश्यक पर्ने कुरा अर्को समुदायका लागि आवश्यक पर्न सक्दैन । समाजका समुदायमध्ये किरात राई समुदाय एक प्रमुख सुदाय हो । यस समुदायमा विविध पक्षहरु रहेका छन् । ती पक्षहरूमध्ये विवाह एक प्रमुख पक्ष हो । विवाहलाई व्यवस्थित निश्चित मापदण्ड, नीति  नियम, विधि, विधानहरु निर्माण गरेको पाइन्छ । ती कुराहरु  निर्माण गर्नका लागि ववि, सामै र पाछा अनिवार्य आवश्यक पर्दछ । ववि, सामै र पाछा भूमि र वंशसँग जोडिएको हुन्छ । विवाह कार्यमा वाग्दत्ता (ज्योखाम) दिदा बबी, सामै र पाछा अनिवार्य आवश्यक पर्दछ । यी कुराहरूले यस समुदायको उत्पत्ति, उत्पत्ति स्थान र रक्त समूह छुट्याउने आधार हुन । त्यसैले विवाहमा यी कुराहरु अति महत्वपूर्ण हुन्छन् । यी कुराहरु भूमि र वंशसँग अन्तर्सम्बन्ध रहेकाले विवाह गर्न हुने र नहुने भन्ने बारे छुट्याउने काम यिनै कुराहरूबाट हुने भएकाले विवाहमा बबी, सामै, पाछा अनिवार्य हुने गर्दछ ।

***ववि***

वविले किरात राईहरूको आफ्नो पुर्खाहरूको जन्म थलो वा उत्पत्ति स्थानलाई जनाउँछ । यस सन्दर्भमा किरात राई चामलिङ् भाषी समुदायमा एक कथन रहेको पाइन्छ । जसअनुसार पृथ्वीको उत्पत्ति हुनुभन्दा अगाडि  ईश्वर (पारूहाङ् र नायमा) थियो । यिनीहरूले सूर्यको उत्पत्ति गरायो । सूर्यको तापक्रमले वाफको उत्पत्ति भयो र पृथ्वीको गतिबाट हावाको उत्पत्ति भयो । सूर्यको तापबाट निस्किएको वाफलाई पृथ्वीको गतिबाट निस्केको हावाको गतिले गर्दा त्यो वाफवाट पसिना र पसिनाबाट पानीको उत्पत्ति भयो । हावा र पानी उत्पत्ति भएपछि विस्तारै पृथ्वी सैलाउँदै जादा बाफ पनि सैलाउँदै गयो । बाफ सैलाउँदै जादा पानी पनि सुक्दै गयो हावाको गति पनि कम हुँदै गयो । हावाको गति कम हुँदै जादा र पानीको सतह पनि कम हुँदै जादा पानी माथिमाटोको ढिकुरो देखा पऱ्यो । त्यस माटोको ढिकुरोलाई किरात मुन्दुममा "वोखाफपी" भनि वोलाउने चलन छ । त्यही "वोखाफपी" नै किरात राईहरूको उत्पत्ति स्थान हो भन्ने गरेको पाइन्छ । विवाहमा ववि के हो भनी सोधनी हुँदा "वोखाफपी" भन्ने गरेको पाइन्छ ।

किरात राईहरूको पुर्खा एउटै थियो । जीवनयापनको क्रममा समय बित्दै जाँदा छुट्टिने र फैलिँदै जाँदा आफ्नो पैतृक थातथलो चिनाउन सामै पनि छुट्याएर लगे । घुम्दै फिर्दै जाँदा नयाँ भूगोलमा बस्दा र बसाइँ सराइ हुँदै जाँदा पहिलो पुर्खा र उत्पत्ति स्थान नभुल्नका लागि आफ्नो पुर्खा र पुर्खाको उत्पत्ति स्थानलाई ववि र सामैका रूपमा लिए । विवाहमा अनिवार्य रूपमा वेहुला र वेहुलीको पुर्खा र उत्पत्ति स्थान सोध्ने र वताउने चलन हुन्छ । जसले केटा र केटीको पुर्खा र पुर्खाको उत्पत्ति स्थान पहिचान गर्नलाई मदत गर्दछ । ववि किरात राईहरूको उत्पत्तिसँग सम्बन्धित रहेकाले यो भूमिसँग सम्बन्धित रहेको पाइन्छ । ववि भूमि र वंश सम्बन्धित रहेकाले किरात राई समुदायको विवाहमा ववि अनिवार्य चाहिन्छ ।

***सामै***

सामै/सामे सम्बन्धी अवधारणा र अभ्यास सबै थरी किरात राईहरूमा पाइन्छ । सामैलाई भाषिक समुदायहरूले प्रयोग गर्ने शब्दहरु कतिपय भाााषिक समुदायहरूले एउटै शब्द प्रयोग गरेका छन् भने कतिपय फरक छन् । आठपहरिया राईहरूले सामेट् भन्छन् । याम्फू र दुम्मालीले सामेक; कोयी,

बान्तावा र बाहिङले सामेत्, लोहरूङ, साम्पाङ, पुमा, सोताङ र थुलुङले साम्मे; दुमी, नाछिरिङ र मेवाहाङले सामे; चाम्लिङले सामे र सामै भन्छन् (चाम्लिङ, २०७४) । चाम्लिङ राई भाषाका आधारमा सामै/सामेको शाब्दिक विश्लेषण गर्दा पनि यही निचोडमा पुग्न सकिन्छ । 'सा' भनेको 'सोरोछा' हो जसको अर्थ पुरूष हुन्छ, 'मे' अथवा 'मै' भनेको श्रीमती हो (कुलबहादुर राई, रतन्छा) । 'सा' भनेको 'साबाछा' पनि हो किनभने साबाछाको अर्थ चाम्लिङ भाषामा छोरा मान्छे भन्ने हुन्छ । अर्को अर्थमा पनि सामै/सामेलाई अर्थ्याउन सकिन्छ– सा भनेको मासु अथवा यहाँ वंश, मै/मे भनेको श्रीमती अर्थात् श्रीमतीको वंश । यसबाट बुझिन्छ प्रारम्भमा सामै/सामे परिवार वा समाजका मुली पुरूष र मुली महिलाको नामबाट राखिन्थ्यो । सामैका आधारमा वशं छुट्याउन सकिन्छ र सम्बन्धित वंशको इतिहास (प्रपन्नाचार्य, २०५७) (चाम्लिङ भोगीराज, किरात राई चाम्लिङ खाम्बातिमको पाँचौँ राष्ट्रिय सम्मेलन (धरान, २०७८ फागुन २९ मा प्रस्तुत कार्यपत्र) । किरात राई समुदायमा आफ्नो पुर्खा वा पुर्खाको थातथलोलाई साङ्केतिक रूपमा चिनाउने सांस्कृतिक नाम नै सामै हो । सामै भूमि र वंश सम्बन्धित रहेको हुन्छ । सामैले पहिलो पुर्खा को हो, कहाँ थियो, पहिलो पुर्खाको जन्म थलो कहाँ थियो भन्ने कुराको बोध गराउँदछ । विवाहमा पुर्खाको थातथलो र पुर्खाको जानकारी लिई विवाह गर्न मिल्ने र नमिल्ने कुराको जानकारी हुने भएकाले विवाहका लागि सामै सोध्ने र वताउने चलन रहेको पाइन्छ ।

***पाछा***

सामान्यतया पाछालाई किरात राई जातिका भाषिक समुदायभित्रको कुल वंशको एक माला भन्न सकिन्छ । जसभित्र एक वंशको शाखा सन्तानहरू मालाकार रूपमा आबद्ध भएर लामबद्ध रूपमा रहेको पाइन्छ । वृहत् रूपमा भन्नुपर्दा पाछालाई भाषिक समुदायभित्र आवद्ध रहेको कुल वंश परम्परालाई प्रतिनिधित्व गर्ने एउटै रगतको रक्त समूह हो । यो सबै किरात राई भाषिक समुदायभित्र रहेको हुन्छ । विवाह गर्न मिल्ने नमिल्ने कुरा यहीबाट छुट्टिने हुन्छ । यसको शाब्दिक व्युत्पत्ति अर्थ हेर्दा पाछा 'पा' र 'छा' भाषिक एकाइ मिलेर पाछा शब्द बनेको छ । चाम्लिङ भाषामा 'पा' भनेको बाबु र 'छा' भनेको छोरा तथा छोरी भन्ने अर्थ लाग्दछ । त्यसैले एउटै रगत तथा वंशबाट जन्मेका सन्तानहरूका वंशीय रक्त समूह जनाउने शब्द नै पाछा हो । हजारौँ वर्षदेखि पिता पुर्खादेखिको एउटै रगत वंशका सन्ततिहरूलाई पाछा शब्दले समेटेको हुन्छ तर धेरैभन्दा धेरै वर्ष बितेपछि एउटै पाछाभित्र विवाह हुन पुगेमा पाछा फोरिने अवस्था सिर्जना भएको पाइन्छ । यसबाट के स्पष्ट देखिन्छ भने किरात राई समुदायमा विवाह गर्नका लागि पाछा अनिवार्य रहेको देखिन्छ ।

**रिलुङ–हसुङ**

कुनै कार्य सम्पन्न गर्नका लागि विभिन्न किसिमका सिमा, आधार, मापदण्ड, विधि, प्रक्रियाको आवश्यकता रहेको हुन्छ । तीमध्ये कुनै पनि एक कुराको अभावमा कुनै पनि कार्य पूर्णरूपमा सम्पन्न हुन सक्दैन । कुनै पनि कार्य पूर्णरूपमा सम्पन्न गर्नका लागि ती कुराहरूको अनिवार्य आवश्यकता हुन्छ । समाजमा कुनै पनि कार्य गर्नका लागि निश्चित मापदण्ड, सिमा र आधारहरु निर्माण गर्नुपर्ने हुन्छ । ती कुराहरु निर्माण गर्नका लागि केही त्यस्ता कुराहरूको आवश्यक पर्दछ कि जुन कुराहरूको अभावमा सो कुरा निर्माण गर्न सकिँदैन । ती कुराहरूको अभावमा समाजले नीति निर्माण नै गर्न सक्दैन । त्यस किसिमका कुराहरूहरु समाजअनुसार फरक फरक हुने गर्दछ । एक समुदायमा

आवश्यक पर्ने कुरा अर्को समुदायका लागि आवश्यक पर्दैन । किरात राई समुदाय समाजको एक प्रमुख सुदाय हो । यस समुदायले आफ्नो समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि निश्चित मापदण्ड, नीति, नियम, विधि, विधानहरू निर्माण गरेको पाइन्छ । समाजका विविध पक्षहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि समाजमा भएका प्रकृतिका आधारमा मापदण्ड, नीति, नियम, विधि, विधानहरु निर्माण गरी सोहीबमोजिम कार्यहरु सञ्चालन गर्ने गरेको पाइन्छ । ती पक्षहरूमध्ये विवाह एक समाजको मुख्य पक्ष हो । विवाह सम्पन्न गर्नका लागि यस समुदायले विवाहसम्बन्धी मापदण्ड, नीति  नियम, विधि र प्रक्रियाहरु निर्माण गरी सोहीबमोजिम विवाह सम्पन्न गर्ने गरेको पाइन्छ । विवाहका लागि ववि, सामै र पाछा अति आवश्यक छ भने विवाह गर्नका लागि सिप्तिलुङ, यायोक्खा (दाजु सल्लाह), वैतुङ, कलिया, नछुङ अनिवार्य चाहिन्छ । विवाह सम्पन्न गर्नका लागि यी कुराहरूको मुख्य भूमिका रहेको पाइन्छ । किरात राई समुदायमा यी कुराहरूको अभावमा विवाह सम्पन्न गर्न सकिन्न । यी कुराहरु किरातीहरूको रिलुङ-हसुङसँग सम्बन्धित रहेको हुन्छ ।

**सिप्तिलुङ**

किरात राई समुदायमा बुहारी घर भित्र्याउँदा वा छोरीलाई घरबाट अन्भर्‍याउँदा दुवै कार्य गर्दा नछुङ/माङपा/नाक्छुङले दुवैतर्फको घरमा माङै (सिप्तिलुङ पूजा) अनिवार्य गर्नुपर्ने हुन्छ । त्यसका लागि सिप्तिलुङ अनिवार्य चाहिन्छ । केटाको घरमा माङै गर्दा लहै, सुम्निमा र पारूहँलाई शिरमा राखेर, निनाम्मा, हैखामा, कुलकुटुम्बहरूलाई साक्षी राखी फलना सामै, फलना पाछाको छोरी/चेली आजदेखि फलना सामै, फलना पाछाको सिप्तिलुङमा आजदेखि ल्याएका छौँ । आजदेखि तिमीले फलना फलना सामै, फलना पाछाको छोरी/चेली फलानीलाई तिमी फलनाले पत्नीको रूपमा स्वीकारेका छौँ । आजदेखि दुई मुहानको पानी एक मुहान भएका छौँ । दुईवटा भान्सा एक भान्सा भएका छौँ । भविष्य राम्ररी गरी खानु, जुन सुकै वाधा व्यवधान आई परे तापनि यसलाई आफ्नो सम्झी दुवैले समाधान गर्नु । हेलाहोचा, झैझगडा नगर्नु, एकआपसमा कसैलाई अहित हुने काम नगर्नु भन्दै बुहारी घर भित्र्याइ माङै (सिप्तिलुङ पूजा) गरी बुहारीलाई सिप्तिलुङमा लगाउनुपर्ने हुन्छ । त्यसैगरी केटीको घरमा माङै (सिप्तिलुङपुजा) गर्दा लहै, सुम्निमा र पारूहँलाई शिरमा राखेर, निनाम्मा, हैखामा, कुलकुटुम्बहरूलाई साक्षी राखेर फलना सामै, फलना पाछाको छोरी/चेली आजदेखि फलना सामै, फलना पाछालाई दिएका छौँ । आजदेखि तिमी फलनाले फलना सामै, फलना पाछाको फलानालाई पतिको रूपमा स्वीकारेको छौँ । आजदेखि दुई मुहानको पानी एक मुहान भएका छौँ । दुईवटा भान्सा एक भान्सा भएका छौँ । भविष्य राम्ररी गरी खानु, जुन सुकै वाधा व्यवधान आई परे तापनि यसलाई आफ्नो सम्झी दुवैले समाधान गर्नु । हेलाहोचा, झैझगडा नगर्नु, एकआपसमा कसैलाई अहित हुने काम नगर्नु भन्दै माङै (सिप्तिलुङ पूजा) गरी छोरीचेलीलाई सिप्तिलुङबाट निकाल्नुपर्ने हुन्छ । जुन चलन किरात राई समुदायहरूले प्रयोग गर्ने विवाहसम्बन्धी प्रचलित प्रथाजनित कानून हो । यो चलन परापूर्वकालदेखि निरन्तर रूपमा प्रयोग गर्दै आइरहेको पाइन्छ । त्यसैले विवाह कार्यमा सिप्तिलुङ नभई नहुने अनिवार्य मुख्य तत्वको रूपमा किरात राई समुदायमा रहेको पाइन्छ ।

*यायोक्खा (भाइ सल्लाह)*

किरात राई समुदायमा ठुला कार्यहरु (विवाह, मरौउ-परौं) जस्ता कार्यहरु गर्नका लागि यायोक्खा (भाइ सल्लाह) अनिवार्य गर्ने चलन रहेको पाइन्छ । यायोक्खा (भाइ सल्लाह) कुनै पनि

कार्य गर्नुभन्दा अगाडि कार्य कसरी र कहिले गर्ने भन्ने विषयमा दाजु र भाइहरु बसी सल्लाह गर्ने चलन रहेको पाइन्छ । यस कार्यलाई यायोक्खा (दाजु सल्लाह) भन्ने गर्दछन् । जुन सुकै कार्यहरु गर्दा पनि यायोक्खा अनिवार्य गर्नुपर्ने चलन रहेको पाइन्छ । यदि विना यायोक्खा कसैले कार्य गर्दछ भने त्यसरी भएको कार्यलाई दाजुहरूले मान्यता नदिने चलन रहेको पाइन्छ । विना यायोक्खा (दाजु सल्लाह) कार्य गर्ने व्यक्तिलाई दरदाजुहरूले परेको बखत मदत नदिने र नलिने चलन रहेको पाइन्छ । विवाह कार्यमा विवाह कहिले र कसरी गर्ने भन्ने विषयमा विवाह समारोह गर्नुभन्दा अगाडि नै यायोक्खा (दाजु सल्लाह) गर्ने चलन रहेको पाइन्छ । यायोक्खामा विवाह कार्यका लागि कामको वाडफाँड र जिम्मेवारी तोक्ने कार्य हुन्छ । विवाहको सुरूवाती र सम्पन्न गर्ने कार्यहरु सबै यायोक्खा (दाजु सल्लाह) बमोजिम नै गर्ने प्रचलन किरात राई समुदायमा रहेको पाइन्छ । विवाह कार्यमा यायोक्खा (दाजु सल्लाह) नभई नहुने अनिवार्य एक तत्वको रूपमा यस समुदायमा रहेको पाइन्छ । यो प्रचलन परापूर्वकालदेखि यस समुदायले प्रयोग गर्दै आएकाले यो एक प्रकारको प्रथाजनित कानूनको नै हो ।

### वैतुङ

किरात राई समुदायमा वैतुङ प्रणालीबाट आफ्नो कार्यहरु सञ्चालित भएको पाइन्छ । किरात राई चाम्लिङ भाषिक समुदायमा गाजीघर, ध्योवैतुङ, छ्योवैतुङ र परमावैतुङ गरी वैतुङलाई चार तह विभाजन गरेको पाइन्छ । गाजीघर (विवाह हुने घर), ध्योवैतुङ (विवाह हुने घरको एकाघरको दाजु-दाजु), छ्योवैतुङ (विवाह हुने घरको एउटै बाजेको सन्तान) र परमावैतुङ (ध्योवैतुङ, छ्योवैतुङ भन्दा परको दाजुदाजु, छरछिमेक, नरनता आदि) । विवाह कार्यमा ध्योवैतुङ, छ्योवैतुङको भूमिका महत्वपूर्ण रहने र गाजी घरको भूमिका कम रहने हुन्छ । ध्योवैतुङ, छ्योवैतुङको भूमिका आआफ्नै हुन्छ । विवाह राम्ररी सम्पन्न गर्नका लागि आवश्यक कार्यहरूका व्यवस्थापन सबै ध्योवैतुङ, छ्योवैतुङको हातमा रहेको हुन्छ । परमावैटुङको भूमिका विवाह समारोहमा सहभागी हुने र आवश्यक पर्ने कार्यहरूका लागि सहयोग गर्ने हुन्छ ।

हलेसी तुवाचुङ नगरपालिका वडा नं.५ चुमाखुकी गंगासरी राईकाअनुसार किरात राई चाम्लिङ भाषिक समुदायमा "कुनै पनि ठुला कार्य गर्दा सबै वैतुङ भेला भई सल्लाह गरेर मात्र गरिन्छ । वैतुङ सल्लाह नगरी कुनै पनि ठुला कार्य गर्न कठिनाई हुने भएकाले वैतुङ आवश्यक पर्छ । वैतुङ भेलामा कामको बाँडफाड गर्ने र जिम्मेवारी तोक्ने भएकाले कार्य गर्न सजिलो र राम्ररी सम्पन्न हुन्छ ।" कुनै पनि ठुला कार्य गर्न वैतुङ अनिवार्य चाहिन्छ । विना वैतुङ विवाह सम्पन्न गर्न कठिनाई हुने भएकाले यस कार्यमा वैतुङ अनिवार्य चाहिन्छ । वैतुङ प्रणाली किरात राई समुदायको एक कानूनी प्रणाली पनि हो । वैतुङ विना कुनै पनि कार्यहरु गर्न असम्भव हुने हुँदा त्यस्तो कार्य गर्नुभन्दा अगाडि वैतुङ भेला भई सल्ला गरी कामको बाँडफाड गरी कार्य सम्पन्न गर्ने चलन यस समुदायमा रहेको पाइन्छ ।

### कलिया

किरात राई समुदायमा विवाह कार्यका लागि नभई नहुने कुरा कलिया हो । कलियालाई भाषिक समुदायअनुसार कोपी/ततिमि, सालीपा/सलङपा, कोङबी/बाङ्गापा आदि) फरक फरक आफ्नै भाषाबाट नामाकरण गरेको पाइन्छ । विना कलिया यस समुदायमा विवाह प्रक्रियाका अगाडि बढ्न

सक्दैन । त्यसको लागि यायोक्खा (दाजु सल्लाह) गरी एक भरपर्दो व्यक्तिलाई कलिया तोक्ने चलन रहेको पाइन्छ । जुन व्यवस्था मानव सृष्टिसँगसँगै सुरूवात भएको कुरा यस समुदायको मुन्दुम र मिथकमा उल्लेख भएकाले त्यही कुरालाई आजसम्म निरन्तरता दिँदै आएका हौँ भनी यस समुदायले भन्ने गरेको पनि पाइन्छ । यस समुदायको जुन सुकै शुभकार्यमा जोडी वस्तु, जोडी अंक प्रयोग गर्नुपर्ने मान्यता रहेको पाइन्छ । शुभ कार्यमा विजोडी वस्तु प्रयोग गर्नु पर्ने र जोडी नै व्यक्ति हरेक कार्यहरूमा उपस्थित हुनु पर्ने चलन रहेको छ । बिजोरी वस्तु वा व्यक्ति शुभकार्यका लागि अशुभ हुन्छ भन्ने मान्यता रहेकाले विवाहमा कलिया दुई जना वा चार जना हुनुपर्ने मान्यता रहेको पाइन्छ । यो मान्यता परापूर्वकालदेखि नै चलाउँदै आएकाले यसलाई किरात राई समुदायले आज पनि लागु गरी चलाउँदै र अपनाउँदै आएको पाइन्छ ।

**नछुङ**

किरात राई समुदायमा बुहारी घर भित्र्याउदा वा छोरीलाई घरबाट अन्भयाउँदा दुवै कार्य गर्दा नछुङ/माङपा/नाक्छुङको आवश्यकता पर्दछ । बुहारी घर भित्र्याउनुभन्दा अगाडि र छोरीलाई घरबाट अन्भयाउनु भन्दा अगाडि माङै (सिप्तिलुङ पूजा) अनिवार्य गर्नुपर्ने हुन्छ । त्यसका लागि नछुङ अनिवार्य चाहिन्छ । विवाह कार्यमा केटाको घरमा नछुङद्धारा माङै गरी बुहारी भित्र्याउनु पर्ने चलन यस समुदायमा रहेको पाइन्छ । त्यसै गरी छोरीचेलीको विवाहमा छोरीचेलीलाई घरबाट अन्भयाई केटाको घर पठाउँदा पनि केटीको घरमा नछुङद्धारा माङै गरी छोरीचेली अन्भयाउने प्रचलन किरात राई समुदायमा रहेको पाइन्छ । त्यसले गर्दा यस समुदायको विवाह कार्यका लागि नछुङ नभई नहुने तत्वको रूपमा रहेको पाइन्छ ।

**प्रथाजन्य व्यवस्था**

विवाह गर्नका लागि विधि, प्रक्रिया, पद्धति, विवाहका प्रकृति, विवाह हुने सक्ने अवस्था, विवाह हुन नसक्ने अवस्था, विवाहका परिमाण, विवाहले निरन्तरता दिन नसकेमा विवाह भङ्ग सम्वन्धी सम्बन्ध विच्छेदको प्रक्रिया र अवस्थालाई नै किरात राई समुदायको विवाह सम्बन्धी प्रथाजन्य व्यवस्था हो । यदि विवाहपश्चात् विवाहलाई निरन्तरता दिन नसक्ने अवस्था सिर्जना भएमा सम्बन्ध विच्छेद सम्बन्धी प्रावधान, विवाह हुन नसक्ने अवस्थामा विवाह भएमा त्यसको परिणाम र दण्ड सजाय सम्बन्धी व्यवस्था । विवाह हुने सक्ने र विवाह हुन नसक्ने अवस्था, विवाहका परिमाण, सम्बन्ध विच्छेदको प्रक्रिया र अवस्था नै किरात राई समुदायका विवाह सम्बन्धी व्यवस्थाहरु हुन् ।

विवाह हुने अवस्था

किरात राई समुदायमा एउटै पाछा र एउटै सामै एक रक्त समूह मान्ने भएकाले एउटै पाछा र एउटै सामैभित्र विवाह गर्न बन्देज गरिएको पाइन्छ । आफ्नै हाडनाताभित्र विवाहलाई मान्यता दिइएको छैन । यस समुदायमा विवाह गर्दा फरक पाछा र फरक सामै भएको हुनु पर्दछ । यदि फरक पाछा र फरक सामै नभई कसैले एउटै पाछा र सामैभित्र विवाह गरेमा त्यस विवाहलाई यस समुदायले मान्यता नदिने गरेको छ । विवाह गर्दा नाताभन्दा बाहिरको नाता पर्नेसँग मात्र विवाह गर्ने चलन रहेको छ । विवाहका लागि केटी माग्न जानुभन्दा अगाडि केटीको पाछा, नाता सम्बन्ध सबै कुरा बुझी केटा र केटीको दुवै पक्षबाट हाड (माइती) पट्टी सात पुस्ता र पात (चेली) पट्टी पाँच

पुस्तासम्म पुस्ता केलाएर केटी मगनी गर्न जाने चलन रहेको छ । यदि त्यो पुस्ताभित्र कसैले विवाह गरेमा त्यस्तो विवाहलाई मान्यता नदिने र सात पुस्ता र पाच पुस्ताभित्र कसैले विवाह गरेमा विवाह गर्नेहरूलाई गाउँ निकाला गरी डाँडा कटाउने वा छुटाउने चलन रहेको पाइन्छ । यी अवस्थावाहेक तल उल्लिखित अवस्थामा यस जातिमा विवाह हुन सक्दछ । ती विवाह हुने अवस्थाहरु कतिपय नेपालको वर्तमान कानूनमा भएका व्यवस्थाहरूसँग समान छन् भने कतिपय अवस्थाहरु फरक पनि छन् । यस समुदायले आजबाट हैन परापूर्वकालदेखि अपनाउँदै र प्रयोगमा ल्याउँदे आएका छन् । ती कतिपय कुराहरु राज्यले पनि समेटेको पाइन्छ ।

(१) फरक पाछा र फरक सामै भएमा ।
(२) एउटै पाछा र एउटै सामै भएमा हाडफोरा (पाछा फुटेको) १२ पुस्ता काटेको हुनुपर्ने । यदि १२ पुस्ता काटेको नभएमा घटीमा ७ पुस्ता हाडफोरा (पाछा फुटेको) भने अनिवार्य काटेको हुनुपर्ने ।
(३) वंशमा १२ पुस्ता वा ७ पुस्तापछि हाडफोरा (पाछा फुटेको) भई बसेकोमा फेरि त्यस पछिको १२ पुस्ता वा ७ पुस्तापछि हाडजोरा (पाछा जोडेको) भई एउटै पाछा र एउटै सामै भएको अवस्था नभएको हुनुपर्ने ।
(४) माइती चेली तर्फको वंश पुस्तामा ५ पुस्ताभन्दा बढी पुस्ता भएको हुनुपर्ने ।
(५) बहिन्यौलो साइनो नातामा १४ पुस्तासम्म नहुने सोभन्दा बढी पुस्ता भएको हुनुपर्ने ।
(६) दूधमावली (आफ्नै मावली), बुढोमावली (बाबुको मावली), कुप्रोमावली (बाजेको मावली) र थुप्रीमावली (जिजुबाजेको मावली) भित्रको साइनो नाता नभएको हुनुपर्ने ।
(७) पाछा दिई वा लिई पाछामा समाहित भएको व्यक्तिको नाता सम्बन्ध नभएको हुनुपर्ने ।

**विवाह नहुने अवस्था**

किरात राई समुदायमा एउटै कुल र वंशलाई एक रक्त समूह मान्दछन् । एक रक्तसमूह बिचको विवाह गर्न उत्तम नमानिने भएकाले एउटै कुल र एउटै वंशमा विवाह गर्दैनन् । यस समुदायमा हाडनाताभित्रको विवाहलाई दण्डनीय र अमान्य मानेको पाइन्छ । वर्तमान नेपालको कानूनले पनि हाडनाताभित्रको विवाहलाई दण्डनीय र अमान्य निषेध गरेको छ । जुन कुरा किरात राई समुदायले प्राचीनकालदेखि नै दण्डनीय र अमान्य मान्दै आएको पाइन्छ । यस समुदायमा विवाह गर्नुभन्दा अगाडि नाता सम्बन्ध केलाएर नाता पर्ने, नपर्ने सो विषयमा छलफल गरेर मात्र विवाहका लागि कुरा अगाडि बढाउने व्यवस्था रहेको छ । नाता केलाएर नाताभन्दा बाहिरको नाता पर्नेसँग मात्र विवाह गर्ने चलन रहेको छ । किरात राईहरूमा विवाहका लागि केटी माग्न जानुभन्दा अगाडि उसको पाछा, नाता सम्बन्ध सबै कुरा बुझी केटा र केटीको दुवै पक्षबाट हाड (माइती) तर्फ सात पुस्ता र पात (चेली) तर्फ पाँच पुस्तासम्म पुस्ता केलाएर मात्र मगनी गर्न जाने चलन रहेको पाइन्छ । सात पुस्तापछि हाड फोरेको र त्यसको सात पुस्तापछि हाड जोडेको यस समुदायमा श्रुति, कथन प्रचलित रहिआएको छ "वंशावलीमा सात पुस्तामा हाड फोरिन्छ, बाह्र पुस्तापछि फेरि हाड जोडिन्छ ।" यसलाई "हाड फोरोवा र हाडजोरोवा" भन्ने गरिन्छ । हाड (माइती) तर्फ कम्तीमा सात पुस्ता कटी हाडजोरिएको अवस्था नभएको र पात (चेली) थर्फ पाँच पुस्ता कटी सकेको अवस्थामा मात्र विवाह हुन सक्ने व्यवस्था यस समुदायमा रहेको पाइन्छ । यस्तो अवस्थावाहेक तल उल्लिखित अवस्थामा

यस समुदायमा विवाह हुन सक्दैन । ती उल्लिखित विवाह नहुने अवस्थाहरु कतिपय नेपालको वर्तमान कानूनमा भएका व्यवस्थाहरूसँग समान रहेको देखिन्छ भने कतिपय अवस्थाहरु फरक छन् । जुन अवस्थाहरु किरात राई समुदायले आजबाट हैन परापूर्वकालदेखि अपनाउँदै र प्रयोगमा ल्याउँदै आएको पाइन्छ । ती कुराहरूलाई राज्यले मूल कानूनमा पनि समावेश गरेको पाइन्छ ।

(१) एउटै पाछा र साइनोमा विवाह गर्न नहुने ।

(२) माइती चेली वंशमा ५ पुस्ताभन्दा अगाडिको नाता साइनोमा विवाह गर्न नहुने ।

(३) वहिन्यौलो नाता साइनोमा १४ पुस्तासम्मा विवाह गर्न नहुने, वार्ने चलन रहेको छ ।

(४) दूधमावली (आफ्नै मावली), बुढोमावली (बाबुको मावली), कुप्रोमावली (बाजेको मावली) र थुप्रीमावली (जिजुबाजेको मावली) भित्रको नाता साइनोमा विवाह गर्न नहुने ।

(५) एउटै पाछा र एउटै सामै भई हाड नफोरेको (पाछा नफुटाएको) मा वंशभित्र विवाह गर्न नहुने ।

(६) वंशमा ७ पुस्ता वा १२ पुस्ता कटी हाडफोरी (पाछा फुटाई) फेरी ७ पुस्ता वा १२ पुस्ता कटी हाडजोडेको पाछा जोडेको) मा विवाह गर्न नहुने ।

(७) पाछा दिएर आफ्नो पाछामा समाहित भएको व्यक्तिको नाता पर्ने नाता सम्बन्ध विवाह गर्न नहुने ।

### बागदता (ज्योखाम), खाबायोङ्सोत्मा

किरात राईहरूको विवाह गरेर छोरीचेलीलाई वाग्दत्ता (ज्योखाम), नदिए सम्म छोरीचेली माइती कै सिप्तिलुङमा हुने र माइती कै कुल सिप्तिलुङमा रहिरहने भएकाले विवाह अपूर्ण नै रहन्छ । वाग्दत्ता दिनु भनेको छोरीचेलीलाई माइतीको कुल सिप्तिलुङबाट निकाली ज्वाईचेलाको कुल सिप्तिलुङमा दिनु हो । वाग्दत्ता दिइसकेपछि छाक जुठो सर्ने र बाबु माइतीलाई छाक जुठो नलाग्ने भएकाले यो कार्य छाक जुठो सार्ने प्रक्रिया पनि हो । अहिलेको कानूनी व्यवस्थाअनुसार भन्ने हो भने एक किसिमको विवाह दर्ता हो । वाग्दत्ता दिई सकेपछि छोरीचेलीको बाबुमाइतीलाई केही जिम्मेवारी रहन्न । वाग्दत्ता नदिएको अवस्थामा कुनै छोरीचेलीको मृत्यु भएमा उसको काजक्रिया माइतीबाट नै गर्नुपर्ने चलन रहेको पाइन्छ । त्यस्तो छोरीचेलीको मृत्यु भएको अवस्थामा केटा पक्षबाट तपाईहरूको छोरीचेली हामीलाई दिईसक्नु भए कै हो । तपाईहरूबाट हामीलाई गरिदिने अन्तिम कार्य वाग्दत्ता तपाईहरूबाट बाँकी रहेको अवस्थामा तपाईहरूको छोरीचेली हाम्रो बुहारी आज यस्तो हुन गयो । तपाईहरूबाट हामीलाई गरिदिने अन्तिम कार्य वाग्दत्ता तपाईहरूबाट हामीलाई दिनु होस् । हामी हाम्रो कुल सिप्तिलुङबाट तपाईहरूको छोरीचेली हाम्रो बुहारीको काजक्रिया गर्ने काम गर्ने छौँ भनी वाग्दत्ता माग गरेमा मृतकको लास सत्गत नगरी वाग्दत्ता दिई लास सत्गत गर्ने र मृतक कै कुल सिप्तिलुङबाट काजक्रिया गर्ने चलन रहेको पाइन्छ । वाग्दत्ता माग्न नआएमा भने मृतक बाबुमाइती कै कुल सिप्तिलुङ रहने र माइतीलाई नै छाक जुठो लाग्ने भएकाले माईतीबाट नै मृतकको काजक्रिया गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ ।

### नयाँ पाछा दिने

किरात राई समुदायमा आफ्नो पाछाभित्र त्यही पाछा भएर बस्न नहुने व्यक्ति र बाबुको थर, ठेगान नभएको व्यक्ति गरी दुई प्रकारका व्यक्तिहरूलाई नयाँ पाछा दिएको पाइन्छ । यस समुदायमा कुनै व्यक्ति आफ्नो पाछाभित्र विविध कारणले त्यस पाछाभित्र त्यही पाछा भएर बस्न सक्ने परिस्थिति

नभएको अवस्थामा त्यस्तो व्यक्तिलाई फरक पाछा दिएर नयाँ पाछा दिने व्यवस्था रहेको पाइन्छ । यस समुदायका बुढापाकाहरूको भनाइअनुसार "उहिले/उहिले सात पुस्ता, बाह्र पुस्ता बिते पछि एउटै वंशमा पनि बिहे हुने गरेको थियो । त्यसरी विवाह गर्दा नयाँ पाछा दिएर विवाह गर्ने चलन थियो ।" उनीहरूको भनाइअनुसार यसरी विवाह भई नयाँ पाछा पाएको व्यक्ति पुरानो पाछाबाट अलग हुन्थ्यो र त्यस्तो पाछा पुरानो पाछाको कुनै हक हिस्सेदारी रहँदैन थियो । नयाँ पाछा भएपछि कुल, वंशको साइनो सम्बन्धबाट छुट्टै भिन्न भई कुटुम्बेरी साइनो सम्बन्ध र सो सरहको नाता सम्बन्ध कायम रहन्थ्यो । कुनै पनि व्यक्तिको आफ्नो घर गाउँमा जायजन्म भयो तर जायजन्म भएको बालबच्चाको बाबुको थर, ठेगान थाहा नभएको अवस्थामा त्यस्तो व्यक्तिलाई बबी, चावा, सामै/सामेक, दप्चीनङ, पाछा सबै नयाँ दिने किरात राई समुदायमा चलन रहेको पाइन्छ ।

### आफ्नै पाछा दिने

किरात राई समुदायमा नयाँ पाछा दिने मात्र हैन पाछा दिएर राख्ने चलन रहेको पाइन्छ । कुनै व्यक्ति कुनै पाछामा समाहित भएर समाहित हुन चाहेको पाछाको बबी, चावा, सामै/सामेक, दप्चीनङ सबै स्वीकार गरी पाछामा समाहित हुन चाहेमा त्यस्तो व्यक्तिलाई पाछा दिन चाहेको पाछाले आप्फ्नो पाछा बनाएर राख्ने चलन रहेको पाइन्छ । पाछा दिए-लिए पछि कुटुम्बेरी साइनो सम्बन्ध भएमा त्यस्तो कुटुम्बेरी साइनो सम्बन्धबाट छुट्टै भिन्न भई कुल, बंशको साइनो सम्बन्धमा परिणत भई वंश कायम हुने व्यवस्था किरात राई समुदायमा रहेको पाइन्छ ।

### बुहारीलाई छोरी समान मान्ने

किरात राई समुदायमा सबैलाई समान रूपमा हेर्ने चलन रहेको पाइन्छ । यस समुदाय सङ्कीर्ण समाज नभई खुल्ला समाजको रूपमा रहेको पाइन्छ । देखासिखी गरी सिक्नु र गर्नु अपवादबाहेक यस समाज खुल्ला, प्रगतिशील, उदार नै रहेको पाइन्छ । यस समुदायमा छोरा र छोरी समान दृष्टिकोणले हेरेको पाइन्छ । ज्वाइँलाई छोरासरह र बुहारीलाई छोरीसरह मान्ने गरेको पाइन्छ । बुहारीलाई पनि छोरी कै स्थानमा राखी छोरीसरह मान समान गरेको पाइन्छ । यस समुदायमा बुहारीको उमेर छँदै श्रीमानको मृत्यु भएमा हिन्दु परम्पराअनुसार छोराको लाससँगै सती जानुपर्ने वा विधवा नै बसी रहनुपर्ने व्यवस्था थिएन र छैन । छोराको मृत्यु भए पनि बुहारीलाई छोरी समान हेर्ने चलन थियो र रही आएको पनि पाइन्छ । विधवालाई अपहेलित दृष्टिले हेर्ने चलन थिएन र छैन । विधवा बुहारीलाई आफुले मन पराएको साइनो मिल्ले जो सुकैसँग बुहारीले विवाह गर्न सक्दछ । बुहारीले मानेमा बुहारीको विवाह छोरी सरह विवाह गरिदिने चलन पनि यस समुदायमा रहेको थियो र आजपर्यन्त पनि रहेको पाइन्छ ।

### मगनी कोसेली फिर्ता

किरात राई समुदायमा केटी मगनी गरी कोसेली खाई छिनोफानो हुन बाँकी रहँदैमा मगनी गरेको केटीले कुनै कारण बस पछि विवाह गर्न मानेन वा अन्य केटासँग विवाह गरी गएमा त्यसको जिम्मा केटीका आमाबाबुले लिने चलन रहेको पाइन्थ्यो । यस्तो अवस्था आएमा आजभोली पनि यस्तो

चलन रहेको पाइन्छ । यस्तो अवस्था आएमा केटीको बैनी भए बैनीलाई र त्यस्तो नभए नजिकको दिदी बहिनीलाई फकाइ दिदी वा बहिनीको सट्टा दिई पठाउने चलन रहेको थियो । यसो पनि गर्न नसकेमा माफी मागी आफूले खाएको कोसेली के कति हो सबै फिर्ता दिई पठाउने चलन रहेको थियो । तर आज भोली पहिला पहिला जस्तो फिर्ता गर्नुपर्ने अवस्था भने नआउने भए तापनि पहिला पहिला यस्तो अवस्थाहरु आइरहने बुढापाकाले बताउने गरेको पाइन्छ । यस किसिमको मगनी कोसेली फिर्ता गर्नु भनेको एक प्रकारको प्रथाजन्य अभ्यास नै हो । यो एक प्रकारको कसैको सामान विना प्रयोजन खान मास्न हुन्न भन्ने मान्यता पनि हो ।

**युङडा तपसा (सम्बन्ध विच्छेद)**

कुनै पनि समाजमा महिला र पुरूषलाई सामाजिक मर्यादाअनुसार पति पत्नीको रुपमा मान्यता दिनुलाई नै विवाह भनिन्छ । विवाहलाई एक पवित्र सम्बन्धको रुपमा मान्ने गरे तापनि विवाह पश्चात् जो कोहीको पारिवारिक सम्बन्ध सधैँ राम्रो हुन सक्दैन । परिवारमा विवाद सिर्जना भएपश्चात् पारिवारिक कलह उत्पन्न हुन्छ । परिवारमा विवाद हुनु भनेको वैवाहिक सम्बन्धमा बैमनस्यता उत्पन्न हुनु हो । वैवाहिक बैमनस्यतालाई समाजले चाहेर पनि समाधान गर्न सक्दैन र सामाजिक बन्धनले पनि छेक्न सक्दैन । जब वैवाहिक सम्बन्धमा दरारपन सुरू हुन्छ । त्यसले पारिवारिक सम्बन्धमा पनि बैमनस्यता पैदा गर्छ । यस अवस्थामा वैवाहिक सम्बन्ध कायम राखी राख्नु भन्दा फरक फरक भएर भिन्न भै बस्नु नै उत्तम ठानी वैवाहिक सम्बन्ध टोडी अलग अलग भई छुट्ट भिन्न बस्ने गरिन्छ । यसरी वैवाहिक सम्बन्ध टोडी अलग भई बस्नु नै सम्बन्धविच्छेद हो । किरात राई चाम्लिङ भाषिक समुदायले यसलाई युङडा तपसा भन्ने गरेको पाइन्छ । युङडा तपसा किरात राईहरूले आफ्नै विधि विधानद्वारा गर्ने चलन रहेको पाइन्छ । जब वैवाहिक सम्बन्ध कायम रहने अवस्था रहन्न तब सम्बन्धविच्छेदको प्रक्रियामा गई सम्बन्ध विच्छेद हुने हुन्छ । यस समुदायका सम्बन्धविच्छेदका कतिपय अवस्था र प्रावधानहरु वर्तमान नेपालको सम्बन्ध विच्छेद सम्बन्धी कानूनमा भएका व्यस्था र अवस्थाहरु सँगसमेत मेल खान जान्छ । जुन सम्बन्ध विच्छेद हुने अवस्था नेपालको कानूनमा समावेस गरी लागु हुनुभन्दा अगाडि प्राचीनकालदेखि नै प्रयोग गर्दै र मान्दै आएको पाइन्छ । यस समुदायमा सम्बन्ध विच्छेदका आधारहरुमा पनि रहेका पाइन्छ । ती आधारहरुमा : (१) पति र पत्नी एक आपसमा मनमोटाव भई सुख दुःख बाड्न सक्ने अवस्था नहुनु (२) एक आपसमा मनमोटाव भई पति र पत्नीबिच शारीरिक वा मानसिक रुपले अहित हुने किसिमको कार्यहरु एक आपसमा गरी सौहार्दपूर्ण अवस्थामा बन्न नसक्नु (३) पति र पत्नीबिचको एक आपसको सम्बन्ध सामाजिक मूल्यमान्यता भन्दा बाहिर गई सामाजिक मूल्यमान्यता कायम राख्न नसक्नु (४) पति र पत्नीबिचको आपसमा शारीरिक सम्बन्ध कायम राखी सन्तान प्राप्त गर्न नसक्ने शारीरिक अवस्था सिर्जना हुनु (५) पत्नीले अर्को पुरूषसँग बिहे गरेमा अघिल्ला पतिसँगको र जालभेल वा ढाँटी विवाह गरेमा (६) विवाहित महिला अर्कै परपुरूषसँग भागेमा र (७) विवाहित महिला अर्कै परपुरूषसँग शारीरिक सम्पर्क राखेको प्रमाणित भई पतिले स्वास्नी स्वीकार नगरेमा युङडा तपस हुन्छ । युङडा तपस गर्नका पनि विधि, सामग्रीका र प्रक्रियाहरु रहेका छन् । राई ज्ञावनशेर र राई विश्वराम संकलक, चाम्लिङ भोगी राज सम्पादक, किरात राई चाम्लिङ खाम्बातिम केन्द्रीय कार्यसमिति प्रकाशक भएको मुन्दुम होसुङमा उल्लेख भएअनुसार युङडा तपसा गर्दा हाकारा वावु (दुईवटा चिन्डो), हर्कलुङ कुरालुङ वापा-वामा (कुखुरा भाले-पोथी), सिम्रा सिन्का

(तीनवटा सिन्का), डकुवा (ठुलो बल्ड्याङ्गोको दाना/डाकुवा) आवश्यक पर्दछ । यी कुराहरु राखी लोग्नेस्वास्नी आमुन्ने सामुन्ने सिन्का समाएर भाले काटेर खुन सिन्कामा पारी पाङग्रा फोरी एक-एक वाबु (चिन्डो) समाएर एक आपसमा फुटाउन लगाई युङदा तपसा गराइन्छ । यसैबारेमा काईतसिँ राई भन्नु हुन्छः सम्बन्ध विच्छेद गर्दा केटापक्षका दाजुदाजु, केटीपक्षका बाबुमाइती, गाउँघरका भद्रभलादमी र बुढापाकाहरु भेला भई दुबैलाई सँगै राखी विवाद भएको सम्बन्धमा छलफल गरी मिलाउने प्रयास गर्दा दुबैले सँगै बसी सम्बन्ध कायम राखी रहन सक्ने अवस्था नदेखिएमा सम्बन्धविच्छेद गरी दिने र केटाले विवाहमा दिएको गरगहना, सिन्दुरपोते सबै केटालाई फिर्ता गराई विवाह हुनुभन्दा अगाडिको पुरानो साइनो जे थियो, त्यहीसाइनो नै तिमीहरुको आजदेखि कायम भयो । सोही साइनो मा बोलचाल गर्नु । एक आपसमा रिस, राग नगर्नु, नराख्नु भनी सिङकोपाङगोको कार्य सकिएको घोषण गरिन्छ ।

**विवाह सम्बन्धी दण्ड सजाय**

किरात राई समुदायमा विवाह सम्बन्धी आफ्नै किसिमकको प्रावधान, मापदण्ड, विधिविधान, नीतिनियम र पद्धतिहरु रहेको पाइन्छ । विवाह हुने र नहुने अवस्था, विवाह सम्बन्धमा बनाएका कुराहरुको उल्लङ्घन भएमा दण्ड सजाय सम्बन्धी व्यवस्था बनाएको पाइन्छ । जसअनुसार राज्यले राज्यको कानूनअनुसार र समाजले समाजको कानूनअनुसार दण्ड सजाय गर्ने व्यवस्था रहेको छ । राज्य र समाजको कानूनको अलवा देउदण्ड सम्बन्धी दण्डसजायको समेत यस समुदायले परिकल्पना गरेको पाइन्छ । जसअनुसार हाडनातामा विवाह गरे कुलपितृले श्राप दिई देउदण्ड लाग्दछ भन्ने मान्यता रहेको पाइन्छ । यस समुदायमा राजदण्ड र देउदण्ड गरी दण्ड सजायलाई मुख्य रुपमा दुई किसिमको दण्ड सजायको व्यवस्था गरेको पाइन्छ ।

***हाडनाता सम्बन्धी व्यवस्था***

किरात जातिहरुमा आफ्नै हाडनाताभित्र विवाह गर्ने चलन छैन । यस समुदायमा विवाह गर्दा नाताभन्दा बाहिरको नाता पर्नेसँग मात्र विवाह गर्ने चलन रहेको पाइन्छ । विवाहका लागि केटी माग्न जादा दुवै पक्षबाट हाड (माइती) तिर सात पुस्ता र पात (चेली) तिर पाँच पुस्तासम्म पुस्ता केलाउने चलन रहेको पाइन्छ । बाबुतिर/वंश (एउटै पाछा) ७ पुस्ता सम्म, मामलीतर्फ ५ पुस्ता सम्म र चेली/वैन्यौलो साइनोमा १४ पुस्ता सम्म विवाह निषेध गरेको पाइन्छ । यी उल्लिखित पुस्ताभित्र भएको विवाहलाई यस जातिले विवाहको मान्यता दिँदैन । यदि यी उल्लिखित पुस्तामा विवाह गरेमा समाजबाट तथा वंशबाट बहिस्कृत गरी सामाजिक दण्ड दिने दण्ड सजायको व्यवस्था रहेको छ । एउटै वंशको ७ पुस्ताभित्र, मामलीतर्फ ५ पुस्ताभित्र र चेली साइनोमा विवाह गरेमा यस्तो विवाहलाई मान्यता नदिने र वंशभित्रको साइनो पर्नेमा विवाह गर्नेलाई हाडफोरा र मामलीतर्फको साइनोमा विवाह गर्नेलाई दुधफोरा भनी छितकी पातकीको उपमा दिई त्यस्तो विवाह गर्नेहरुलाई त्यस गाउँबाट निकाला गरी डाडा कटाउने वा छुटाउने चलन रहेको पाइन्छ ।

***सिम्खुम्मा/सुम्खुम्मा सम्बन्धी व्यवस्था***

किरात राईको विवाह कार्यमा केटा पक्षबाट आफ्नो रीतिअनुसार रित नपुऱ्याई विवाह कार्यमा उपस्थिति भएमा रित नपुऱ्याई उपस्थित भएको भनी दण्ड जरिवाना तिराउने चलन रहेको छ ।

विवाहमा विवाहको विधि पुऱ्याउनका लागि बोल्नुपर्ने कुराहरू बोल्दा कुरा विग्रेमा वा बोल्नुपर्ने कुरा अपुग भएमा, विवाहको विधि सोधेका कुराहरूको उत्तर दिन नसकेमा सिम्खुम्मा/सुम्खुम्मा (दण्ड जरिवाना) तिर्नुपर्ने हुन्छ । सिम्खुम्माका सम्बन्धमा जीत राज राई (हिकेम्पा) यसो भन्नु हुन्छ : "किरात राई चाम्लिङ भाषामा दण्ड जरिवनालाई सिम्खुम्मा भन्ने गरिन्छ । सिम्खुम्मा, वाच्छीनारी, रोदौनारी, पेलेलँमा, उँम्ख्रमा, हैदीनारी र रूमानारी गरी सिम्खुमा ७ (सात) किसिमको हुन्छ । कान्छी औँलामा अट्ने २ (दुई) वटा टिका भएको औँठीलाई सिम्खुमा, साइँली औँलामा अट्ने ६ (छ) वटा टिका भएको औँठीलाई वाच्छीनारी, चोरी औँलामा अट्ने १२ (बाह्र) वटा टिका भएको औँठीलाई रोदौनारी, जेठी औँला जस्तो (सुरीलो) पेलेलँमा, बुढी औँलामा अट्ने उँम्ख्रमा भनिन्छ । यो व्यवस्था आदिमकालको व्यवस्था हो । कोकुदुम्माको पालामा यो व्यवस्था झगडा पर्दा यस किसिमको दण्ड सजायको व्यवस्था गरेको हो । पछि यस किसिमको वस्तुहरूको अभाव भएपछि सिम्खुमा रू.२ (दुई) रूपैयाँ, वाच्छीनारी रू.६ (छ) रूपैयाँ, रोदौनारी रू.१२ (बाह्र) रूपैयाँ, पेलेलँमा रू.१८ (अठार) रूपैयाँ र उँम्ख्रमा रू.२२ (बाईस) रूपैयाँ र थप हैदीनारी रू.३० (तीस) रूपैयाँ र रूमानारी रू.३२ (बत्तिस) रूपैयाँ गरी ७ (सात) प्रकारको सिम्खुम्मा कायम भयो । विवाह तथा शुभकार्यमा पाँच प्रकारका मात्र सिम्खुम्मा प्रयोग गर्न हुन्छ । हैदीनारी र रूमानारी प्रयोग गर्न हुँदैन ।" उहाँले भन्नु भए जस्तै विवाहका वेला "सिम्खुम्मा रू.२ (दुई) रूपैयाँ, वाच्छीनारी रू.६ (छ) रूपैयाँ, रोदौनारी रू.१२ (बाह्र) रूपैयाँ, पेलेलँमा रू.१८ (अठार) रूपैयाँ र उँम्ख्रमा रू.२२ (बाईस) रूपैयाँ गरी पाँच प्रकारका जरिबानामात्र विवाहमा प्रयोग गरेको पाइन्छ । रितपूर्वकको रित राखी वा मौखिक रूपमा मौखिक कुरा राखी माफी माग्नुपर्ने व्यवस्था यस समुदायमा रहेको थियो र अद्यपि चलन रहिरहेको पाइन्छ । यस समुदायमा दाजु वा दिदीको विहे नभई दाजु वा वहिनीले विवाह गरेमा वा विवाह गराएमा दिदी वा दाजुको शिर उभ्याउनी गरेर मात्र दाजु वा वहिनीको विवाहको विवाह गरी दिनुपर्ने प्रावधान रहेको पाइन्छ । सो उभ्याउनी दाजु वा दिदीको मन्जुरी वा स्वीकृति नलिई दाजुबहिनीले विवाह गरेको भनी दाजुले दाजुलाई र बहिनीले दिदीलाई दण्ड जरिबाना वापत रू.२ (दुई रूपैयाँ) पैसा र १ (एक) वावु वा कठुवा रक्सी राखी शिर उभ्याउनी गरिदिनुपर्ने प्रावधान किरात राईहरूमा रहेको पाइन्छ ।

### *माखीमुन्द्रो सम्बन्धी व्यवस्था*

कुनै पनि विवाहित महिलालाई उसको श्रीमान हुँदा हुँदै विवाह गरेर ल्याउनु भनेको अर्काको घरबार विगार्नु हो भन्ने मान्यता किरात राई समुदायमा रहेको थियो र आज पनि त्यो मान्यता रहिआएको पाइन्छ । विवाहित महिलालाई उसको श्रीमान हुँदा हुँदै विवाह गरेर ल्याएमा विवाह गर्ने व्यक्तिले उसको पहिलो श्रीमानतर्फबाट विवाहिता महिलालाई दिएको गरगहना फिर्ता दिनु वा तिर्नुलाई यस समुदायले माखीमुन्द्रो फिर्ता भन्ने गर्दछन् । विवाहमा अघिल्लो श्रीमानतर्फबाट दिएको धनमाल, गरगहना, लागेको खर्चसमेत पछिल्लो श्रीमानबाट अघिल्लो श्रीमानले असुल उपर गरी लिन पाउने र पछिल्लो श्रीमानले पनि फिर्ता दिनु वा तिर्नुपर्ने व्यवस्था थियो ।

### *जार काट्ने सम्बन्धी व्यवस्था*

किरात राई समुदायमा जार काट्नेलाई जारकाट्न छुट पाउने व्यवस्था थियो । विवाहित महिलालाई उसको श्रीमान छँदै विवाह गरी लगेमा त्यसरी लानुलाई जारी गरेर लगेको भन्ने

गरिन्थ्यो । जुन व्यक्तिले लान्छ लाने व्यक्तिलाई जार र जारी गरेर लगेको श्रीमतीको श्रीमानलाई साधु भन्ने गरिन्थ्यो । जारी गरी लाने जारलाई जहाँ भेटे पनि काट्न पाइने र काटेमा खतबात नलाग्ने भन्ने व्यवस्था यस समुदायमा थियो तर जारलाई नजिकबाट काट्न पाउने व्यवस्था भने थिएन । जारलाई भाग्ने अवस्था सुरक्षितका लागि १२ हात टाढा राखेर मात्र साधुले जारलाई काट्न हतियार चलाउन पाउने व्यवस्था थियो । त्यस्ले गर्दा जारलाई भाग्न वा जोगिनसक्ने अवस्थाबाट वञ्चित गरिएको थिएन । जारकाटेपछि आठाना पैसाले साधुको शिर उभ्याउनी उठाइदिने व्यवस्था पनि थियो । समयको परिवर्तन सँगसँगै त्यस किसिमको व्यवस्था हट्दै गई आजभोली त्यस्तो व्यवस्था पूर्णरूपमा निर्मुल भएको पनि पाइन्छ ।

## निष्कर्ष

किरात राई समुदायको न्यायिक प्रणाली मुन्दुमद्वारा निर्देशित र नियन्त्रित रहेको पाइन्छ । यस समुदायले मुन्दुमलाई किरातको वेदको रूपमा लिई संस्कार, सांकृतिक कार्यहरु गर्दा मुन्दुममा उल्लिखित मार्गदर्शन सिद्धान्तका आधारमा गर्ने गरेको पाइन्छ । विवाह सम्बन्धी प्रथागत कानून पनि मुन्दुमको मार्गनिर्देशित सिद्धान्तमा आधारित रहेको पाइन्छ । विवाह कार्य गर्दा विवाह सम्बन्धित मार्गनिर्देशित सिद्धान्त विपरीत गरेमा कारवाहीको भागीदार बनाइने गरेको पाइन्छ । विवाहका लागि ववि, सामै र पाछा अनिवार्य आवश्यक परेको हुन्छ । तिनीहरूका आधारमा नै विवाहको निक्र्यौल र छिनोफानो गर्ने कार्य गरेको पाइन्छ । विवाह भएपछि दुई पक्षबिचमा समझदारी हुन सकेन, लोग्ने स्वास्नीसँगै रहने बस्ने सम्भावना रहेन भने यसको लागि आफ्नो परिवार र समाज समक्ष दुईमध्ये कसैले पनि छलफलको लागि अगाडि विषय प्रस्तुत गरी विवादको निरोपण गर्ने गरेको पाइन्छ । विवाद समाधान नभए विवाह कानूनतः भङ्ग हुने गर्दछ । विवाह सम्बन्धी प्रथागत कानून कसैले उलङ्घन गरेमा मुख्यतया देउ दण्ड र राज दण्ड गरी दुई किसिमको दण्ड सजायको व्यवस्था किरात राई समुदायमा रहेको पाइन्छ । वंशपट्टी सात पुस्ता पछि हाडफोर्ने र हाडजोड्ने व्यवस्था रहेको पाइन्छ । आमातिर मावली, बुढोमावली र कुप्रोमावली पट्टी (तर्फ) ५ पुस्तासम्म विवाह गर्न निषेध गरेको पाइन्छ । चेली साइनो (फुफु, दिदिबहिनी तर्फको साइनो) तिरको साइनोमा पनि विवाह निषेध र दण्डनीय गरेको पाइन्छ । यस समुदायमा विवाह कार्यका लागि यायोक्खा बस्ने विवाह कार्य गर्ने चलन रहेको पाइन्छ । विवाह कार्य वैतुङ प्रणलीमा आधारित रहेर गर्ने गरेको पाइन्छ । जुन प्रणाली अन्तर्गत कार्य हुने मुख्य घर, ध्योवैतुङ, छ्योवैतुङ र पर्मावैतुङ गरी चार किसिमको तह विभाजन गर्ने गरेको पाइन्छ । विवाह सम्बन्धी प्रथाजनित कानूनलाई लेख्य रूप दिई पक्रियागत रूपमा लागु गर्न सकेमा समाजमा बसेका व्यक्तिहरूलाई सामाजिक उत्तरदायित्व वहन गराउन र समाजमा राज्यको कानूनले समेट्न नसकिएका कतिपय कुराहरु प्रथाजनित कानूनले समेट्न सकेको पाइन्छ । त्यस्ता कानूनले समाजलाई व्यवस्थित, सन्तुलित र अनुशासित बनाएर राख्न सकिन्छ । त्यस किसिमको प्रथाजनित कानूनलाई राज्यले मध्येनजर राखी समाजमा बसेका नागरिकहरूलाई अपनाउन प्रेरित गराएमा राज्यको पँहुच पुग्न नसकेको कतिपय कुराहरूलाई यस कानूनले समाधान गरी समाजमा सामाजिक सामनजस्यता कायम राख्न मदत पुग्दछ ।

## सन्दर्भ सामग्रीसूची

खनाल, रेवतीरमण (वि.सं.२०८१), *नेपाली कानूनी इतिहासको रूपरेखा*, काठमाडौंः पैरवी बुक हाउस प्रा.लि. ।

खनाल, विशाल (वि.सं.२०७३), *नेपालको न्याय प्रशासन ऐतिहासिक सिंहावलोकन*, काठमाडौंः भृकुटी पब्लिकेसन्स ।

चाम्लिङ, भोगीराज (सङ्कलक/सम्पादक, वि.स.२०७३), *मुन्दुम होसुङ*, काठमाडौंः किरात राई चाम्लिङ खाम्बतिम ।

चाम्लिङ भोगीराज (कार्यपत्र, किरात राई चाम्लिङ खाम्बातिमको पाँचौं राष्ट्रिय सम्मेलन (धरान, २०७८ फागुन २९) ।

राई (रूपाबुङ), रामचन्द्र (वि.स.२०६४), *प्राचीन किरातीहरूले छाडेका सम्पदाहरू*, काठमाडौंः महेन्द्र नाथ राई ।

वस्ती, प्रकाश (वि.स.२०७९), *हाम्रो कानूनी इतिहासकथा नालीबेली*, काठमाडौंः पैरवी प्रकाशन ।

## व्यक्तिगत कुराकानी

काईत सिँ राई (लैपामी, दिप्रुङ चुईचुम्मा गाउँपालिका वडा नं. ५, खोटाङ, हाल गोदावरी नगरपालिका वडा नं. ३, कुराकानीः २०८१ मघ १६) ।

गंगा सरी राई (लैपामी, हलेसी तुवाचुङ न.पा.वडा नं. ५, खोटाङ, कुराकानीः २०८१ माघ ८) ।

जीतराज राई (तयामी, हलेसी तुवाचुङ न.पा. वडा नं. ५, खोटाङ, कुराकानी : २०८१ माघ ९) ।